# स्थानीय राजपत्र

मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या २८ असोज २९ गते २०८० साल


**भाग-२**

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

## सूचना न.२८

मिर्चैया नगरपलिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा नगरपालिकाको विद्यालयको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार र मिर्चैया नगरपालिका प्रशासकीय कार्यिवधि (नियमित गर्ने ) ऐन २०८० को दफा ४ अनुसार ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगरकार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि, २०८० जारी गरी लागू गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम “मिर्चैया नगरपलिका विद्यालय लेखापरीक्षण कार्यविधि २०८०” रहेको छ ।

(ख) यो कार्यविधि मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछी लागू हुनेछ ।

(ग) यो कार्यविधि मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्छ साथै सो शब्दले संघीय शिक्षा ऐन,२०२८ समेतलाई जनाउँदछ ।

(ख) "कार्यविधि" भन्नाले मिर्चैया नगरपलिका क्षेत्र भित्रका विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले मिर्चैया नगरपलिकालाई संम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले मिर्चैया नगरपलिकाको प्रमुख सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले मिर्चैया नगरपलिकाकाको उप-प्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिर्चैया नगरपलिकाकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम गर्ने शाखालाई सम्झनु पर्दछ ।

(ज) "शिक्षा शाखा प्रमुख" भन्नाले मिर्चैया नगरपलिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "लेखापरीक्षण" भन्नाले आन्तरिक, अन्तिम तथा स्वतन्त्र लेखापरीक्षणलाई सम्झनु पर्छ ।

(ञ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रचलित कानून वमोजिम प्रमाण-पत्र प्राप्त व्यक्ति/संस्था वा फर्मलाई जनाउँछ ।

## परिच्छेद-२

## लेखापरीक्षण सम्बन्धी व्यवस्था

**३. दरखास्त आह्वानः** मिर्चैया नगरपलिका भित्रका सामुदायिक बिद्यालयको लेखा परीक्षणका लागि नगर कार्यपालिकाबाट कम्तिमा १५ दिनको सूचना नगरपालिकाको वेवसाइटमा प्रकाशन गरी लेखापरीक्षणकाको लागि दरखास्त आह्वान गर्नु पर्नेछ ।

**४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखा प्राविधिक बोर्डबाट लेखा प्राविधिक अनुमतिको प्रतिलिपी -१

(ख) स्थायी लेखा नम्बर (प्यान/भ्याट) दर्ताको प्रतिलिपी -१

(ग) नवीकरण निस्साको प्रतिलिपी -१

(घ) चालू आ.व भन्दा अगाडीको कर चुक्ता प्रमाण-पत्र प्रतिलिपी -१

(ङ) नागरिकताको प्रतिलिपी -१

(च) लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपी

५. विद्यालयको लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा र नियुक्तिको ढाँचा क्रमश अनुसूची १ र २ बमोजिम हुनेछ ।

## परिच्छेद-३
## लेखापरीक्षक छनौट समिति

**६. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछः**

| | |
|---|---|
| (१) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (२) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (३) शिक्षा शाखा प्रमुख | -सदस्य |
| (४) आन्तरिक लेखापरीक्षण शाखा प्रमुख | - सदस्य-सचिव |

**७. दफा ६ बमोजिम गठित लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) चालु आर्थिक बर्षको दोस्रो/तेस्रो त्रैमासिक भित्र लेखापरीक्षण गराउन तथा गर्नको लागि नगरपालिकाको वेभसाइटमा, आसय-पत्र पेश गर्ने सम्वन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने ।

(ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवम् सूचकहरु तयार गरी नगर कार्यपालिकावाट स्वीकृत गराउने ।

(ग) प्रकरण (क) बमोजिम प्राप्त आशय-पत्र उपर छानविन गर्ने ।

(घ) लेखापरीक्षक नियुक्ति गरी सम्वन्धित लेखापरीक्षक र विद्यालयलाई लिखित जानकारी गराउने ।

(ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने ।

(च) सामुदायिक विद्यालयहरुको कम्तिमा त्रैमासिक रुपमा लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी वेरुजु सम्परीक्षण गराउन सहजीकरण एवं निर्देशन दिने ।

(छ) विद्यालयहरुको एक आर्थिक वर्षमा कम्तिमा १ (एक) पटक स्थलगत अध्ययन गरी लेखा एवम लेखापरीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गरी मिर्चैया नगरकार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने ।

(ज) एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई आर्थिक वर्षका लागि भन्दा बढी नियुक्ति गर्न नदिने व्यवस्था मिलाउने ।

(झ) मिर्चैया नगरपालिकाले तोके बमोजिमका लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने ।

**८. लेखापरिक्षण हुने सामुदायिक विद्यालयको कर्तव्यः**

(क) मिर्चैया नगरपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

ख) मिर्चैया नगरपालिकावाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा, उक्त विद्यालयको निकासा लगायतका अन्य सेवामा रोक लगाउन सक्नेछ ।

९. **लेखापरीक्षक छनौट एवम नियूक्ति** :दफा ६ बमोजिम लेखापरीक्षण छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतवाट लेखापरीक्षक छनौट एवम नियूक्ति हुनेछन् ।

**१०. सचिवालयः** विद्यालयहरुको लेखापरीक्षण सम्वन्धि कार्य गर्न एवम दफा (६) वमोजिम गठित समितिको सचिवालयको रुपमा आन्तरीक लेखापरीक्षण शाखाले कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-४
## लेखापरीक्षकको पारिश्रमिक

**११. लेखापरीक्षण शुल्कः**लेखापरीक्षण गरे वापत सम्बन्धित विद्यालयवाट देहाय बमोजिमको शुल्क दिनुपर्नेछ ।

(क) आय/व्यय विवरणमा स्थिर सम्पत्ति मूल्यांकन र मुद्दती खाताको रकम समावेश हुने छैन । लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक, आय/व्यय विवरणका आधारमा नियमानुसार प्रतिवेदन बुझाए पछि विद्यालयबाटै रकम भुक्तानी हुनेछ । उक्त पारिश्रमिक रकममा आयकर नियमानुसार कट्टी

हुनेछ ।विद्यालयहरुले नगरपालिकाबाट तोकिएको रकम भन्दा बढि पारिश्रमिक दिन पाउने छैन ।

(ख) नियमानुसार भन्दा बढी रकम विद्यालयवाट लेखापरीक्षकले दावी गर्न पाइने छैन ।लेखा परीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त नगरपालिकामा जानकारी गराउनुपर्नेछ ।

(ग) नगरपालिकाले विशेष अवस्थामा लेखापरीक्षकको नियुक्ती रद्द गर्न सक्नेछ ।

## परिच्छेद-५
## आन्तरिक लेखापरीक्षण

१२. प्रत्येक वर्ष नगरपालिकाले नमुना छनौटका आधारमा केहि सामुदायिक विद्यालयको आन्तरीक लेखापरीक्षण नगरपालिकाको आन्तरीक लेखापरीक्षण शाखावाट सम्पादन गराउन सक्नेछ । सामान्यतया त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सो को प्रतिवेदन सम्बन्धित विद्यालय र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१३. आन्तरीक लेखापरीक्षण वापतको पारिश्रमिक लिन/दिन पाइने छैन ।

## परिच्छेद-६
## अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१४ . लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्बन्धित विद्यालयले महशुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिका शिक्षा शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले सो को जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ ।उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

## परिच्छेद-७
## वेरुजु र सम्परीक्षण

१५. आन्तरीक र अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि नगरपालिकामा पेश गर्ने दायित्व सम्वन्धित विद्यालयको हुनेछ।

१६. बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउने दायित्व भएका अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्र्यौट गर्न बाँकी रहको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई वुझाउनु पर्नेछ । जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलिई बेरुजु फछ्र्योट गर्नु, गराउनु पर्नेछ ।

अनुसूची-१
( कार्यविधिको दफा ५ संग सम्बन्धित )
मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा
लेखापरीक्षकले दिने निवेदनको ढाँचा

मितिः .......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर कार्यपालिकाको कार्यालय, मिर्चैया, सिरहा ।

**विषयः** विद्यालयको लेखापरीक्षणका लागि आशय-पत्र पेश गरिएको ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्रतगत रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ.व. ...... को लेखापरीक्षणका लागि प्रकाशित सूचना वमोजिम आशय पत्र माग गरिएकोमा, मेरो नाममा रहेको लेखापरीक्षण संस्थावाट यस नगरपालिका अन्रतगतका विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि आशय पत्र साथ तपसिल वमोजिमका लेखापरीक्षणसंग सम्वन्धित प्रमाण-पत्रहरुको संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

नामः .......................
रजिष्टर्ड लेखापरीक्षण द. नं. ... मोबाइल नं. ...

तपसिल

(क) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखा प्राविधिक बोर्डबाट लेखा प्राविधिक अनुमति को प्रतिलिपी -१
(ख) स्थायी लेखा नम्बर (प्यान/भ्याट) दर्ताको प्रतिलिपी -१
(ग) नवीकरण निस्साको प्रतिलिपी -१
(घ) चालू आ.व भन्दा अगाडीको कर चुक्ता प्रमाण-पत्र प्रतिलिपी -१
(ङ) नागरिकताको प्रतिलिपी -१
(ङ) संस्थाको प्रोफाईल-१

अनुसूची-२
( कार्यविधिको दफा ५ संग सम्बन्धित )
मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा
लेखापरीक्षक नियुक्तिपत्रको ढाँचा

मितिः ............

श्री ............

विषयः नियुक्ति सम्बन्धमा ।

प्रस्तुत बिषयमा तपसिल बमोजिमको विद्यालयको आ.व ..../ सम्मको लेखापरीक्षण गर्न तपाईलाई यस कार्यालयको मिति....................को निर्णयानुसार लेखापरीक्षकमा नियूक्ति गरिएको छ । नियमानुसार लेखापरीक्षण गरी प्रतिवेदन यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

| सि.नं | विद्यालयको नाम, ठेगाना |
|---|---|
| | |

१. विद्यालयको लेखापरीक्षण गर्दा सरकारी अनुदान तथा विद्यालयको आन्तरीक श्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरी पेश गर्नु पर्नेछ ।
२. विद्यालयको भौतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्टरुपमा खुलाउनु पर्नेछ।
३. आम्दानी र खर्च प्रचलित ऐन, नियम अनुसार भए/नभएको हेर्नु पर्नेछ ।
४ विद्यालयको लेखापरीक्षण कार्य गर्दा विद्यालय व्यबस्थापन समितिलाई समेत जानकारी गराई गर्नुपर्नेछ।
५. लेखापरीक्षण प्रतिवेदन, लेखापरीक्षक नियूक्ति भएको मितिले एक महिना भित्र पेश गरी सक्नुपर्नेछ।
६. आय/व्यय विवरणमा स्थिर सम्पत्ति मूल्यांकनको रकम र मुद्दती खाताको रकम समाबेश हुने छैन । लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक आय/व्यय विवरणका आधारमा नियमानुसार प्रतिबेदन बुझाए पछि बिद्यालयबाटै रकम भुक्तानी हुनेछ ।
७. लेखापरीक्षण गर्दा, विद्यालयले घर भाडा भुक्तानी गर्दा अग्रिम कर कट्टी गरे/नगरेको, कर योग्य आय भएका शिक्षकहरुको कर कट्टी गरे/नगरेको, तलब भुक्तानी गर्दा १%

(प्रतिशत) सामाजिक सुरक्षा कर कट्टी गरे/नगरेको, स्थायी शिक्षकहरुको क.सं.कोष, ना.ल.कोष, सावधिक जीवन विमा वापतको रकम कट्टी गरी ती रकमहरु समयमै सम्बन्धित खातामा दाखिला गरे/नगरेको विवरण समेत पेश गर्नुपर्नेछ।

८. कार्यालयबाट छात्रवृत्ति र पाठ्यपुस्तकमा निकासा भएको रकम विद्यार्थीलाई वितरण गरे/नगरेको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

९. भौतिक निर्माण तर्फ विभिन्न शिर्षकमा निकासा भएको रकम सम्वन्धित शिर्षकमा खर्च भए/नभएको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

१०.उपरोक्त लेखिए बाहेकका अन्य कुराहरु, स्थानीय नगर शिक्षा ऐन, २०७९ अनुसार गर्ने/गराउने र सोही बमोजिम प्रतिबेदन पेश गर्नुपर्नेछ । भ्याटमा दर्ता नभएका लेखापरीक्षकहरुको पारिश्रमिक रकम भुक्तानी गर्दा १५ प्रतिशतले हुने रकम अग्रिम आय कर वापत कट्टा गरी भुक्तानी हुनेछ, तर भ्याटमा दर्ता भएका लेखापरीक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा १.५ प्रतिशत पारिश्रमिक कर कट्टा गरी भुक्तानी दिनु पर्नेछ ।

११.तोकिएको समयमा प्रतिवेदन कार्यालयमा प्राप्त नभएमा अर्को लेखापरीक्षक पठाई लेखापरीक्षण कार्य सम्पादन गराईनेछ ।

१२.लेखापरीक्षण गर्दा प्रचलित लेखापरीक्षण मापदण्डहरु, लेखापरीक्षण ऐन, २०४८ तथा नेपाल चार्टड एकाउण्टेण्ट्स संस्थाबाट जारी भएको विद्यालयको लेखापरीक्षण निर्देशिकालाई समेतलाई अवलम्वन गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री ........विद्यालयः

मिर्चैया- सिरह ःउपर्युक्त अनुसार त्यस विद्यालयको आ.ब... सम्मको लेखापरीक्षण सम्पन्न गराई सो को जानकारी यस कार्यालयलाई समेत गराउनु हुन एवं नियमानुसार कर कट्टी गरि लेखापरीक्षकको. पारिश्रमिक त्यसै विद्यालयबाट भुक्तानी दिनुहुन अनुरोध छ ।

आज्ञाले,

**बिष्णु रंजन बराल**

प्रमुख प्रशासकिय अधिकृत